**"स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय एवम् मितव्ययी निर्वाचनः शान्ति, स्थिरता, समृद्धि र सुशासन"**
**चौथो निर्वाचन दिवस, फागुन ७, २०७६**
**निर्वाचन आयोग, नेपाल**

आज फागुन ७ गते । निर्वाचन दिवसको दिन । निर्वाचन आयोग परिसरमा आयोगद्वारा आयोजना गरिएको चौथो निर्वाचन दिवस, २०७६ को यस मूल समारोहमा आयोगको विशेष अनुरोध र निमन्त्रणालाई स्वीकार गरी प्रमुख आतिथ्यता ग्रहण गरिदिनु भएकोमा सम्माननीय राष्ट्रपतिज्यू समक्ष हार्दिक कृतज्ञता व्यक्त गर्दै स्वागत गर्न चाहन्छु । सम्माननीय राष्ट्रपतिज्यूको गरिमामय उपस्थितिले हामी अत्यन्त हर्षित भएका छौं । यसबाट आयोगलाई आफ्नो संवैधानिक जिम्मेवारी अझै सशक्त र प्रभावकारी रूपमा निर्वाह गर्ने हौसला र प्रेरणा प्राप्त भएको कुरा निवेदन गर्न चाहन्छु ।

यस समारोहमा विशिष्ट अतिथिको रूपमा समुपस्थित भई समारोहको शोभा बढाई आयोगलाई हौसला प्रदान गरिदिनु भएकोमा सम्माननीय उपराष्ट्रपतिज्यू समक्ष हार्दिक कृतज्ञता एवम् सम्मान प्रकट गर्दै स्वागत गर्दछु ।

यस गरिमामय समारोहमा विशिष्ट अतिथीको रूपमा समुपस्थित भई हामीलाई प्रेरणा एवम् हौसला प्रदान गरिदिनु भएकोमा सम्माननीय प्रधानमन्त्रीज्यू, सम्माननीय प्रधानन्यायाधीशज्यू, प्रतिनिधि सभाका सम्माननीय सभामुखज्यू एवम् राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू, प्रति आभार सहित हार्दिक स्वागत गर्न चाहन्छु ।

त्यसैगरी निर्वाचन आयोगको आमन्त्रणलाई स्वीकार गरी यस समारोहमा उपस्थित हुनुहुने आदरणीय सम्पूर्ण विशिष्ट महानुभावहरूलाई आयोगको यस परिसरमा हार्दिकतापूर्वक स्वागत गर्दै कार्यक्रमलाई भव्यताका साथ सम्पन्न गर्न प्रेरणा एवम् हौसला प्रदान गर्नु भएकोमा आभार व्यक्त गर्दछु ।

नेपालमा सर्वप्रथम वि.सं. २०१५ साल फागुन ७ गते आम निर्वाचन प्रारम्भ भई नेपाली नागरिकहरूले मताधिकार उपभोग गर्न पाएको गौरवमय दिनलाई स्मरण गर्दै निर्वाचन आयोगले वि.सं. २०७३ साल देखि प्रत्येक वर्ष फागुन ७ गते निर्वाचन दिवस मनाउन प्रारम्भ गरेको हो । यसै बमोजिम आज हामी **"स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय एवम् मितव्ययी निर्वाचनः शान्ति, स्थिरता, समृद्धि र सुशासन"** भन्ने आदर्श वाक्यको मूल नाराका साथ चौथो निर्वाचन दिवस, २०७६ उल्लासमय वातावरणमा मनाउन गइरहेका छौं । यस महत्वपूर्ण अवसरमा म सम्पूर्ण नेपाली मतदाता, आदरणीय दिदिबहिनी एवम् दाजुभाईहरूलाई हार्दिक शुभकामना दिन चाहन्छु । साथै निर्वाचन दिवसले सबै मतदाताहरूमा निर्वाचन र मतदानको महत्वलाई मनन गरी "मतदाता नामावलीमा आफ्नो नाम दर्ता तथा अद्यावधिक गराउन, आफू मतदाता भएकोमा गर्व गर्न र आगामी निर्वाचनहरूमा मतदान गर्न तयार हुन" सदैव जागरूकता र प्रेरणा प्राप्त हुनेछ भनी विश्वास व्यक्त गर्दछु ।

पहिलो आम निर्वाचन पछि निर्वाचन आयोगले निर्वाचन व्यवस्थापनको साढे छ दशक लामो अनुभव हासिल गरिसकेको छ भने संवैधानिक निकायको हैसियतमा स्थापनाका त्रिपन्न वसन्त पूरा गरिसकेको छ। इतिहासका सबै कालखण्ड र राजनीतिक परिवर्तनका हरेक नयाँ उपलब्धिमा मुलुकले अंगिकार गरेको शासन प्रणालीलाई संविधान र कानून बमोजिम निर्वाचनको माध्यमबाट वैधानिकता प्रदान गर्ने काम आयोगबाट निष्पक्षतापूर्वक सम्पादन हुँदै आएको छ। यो अविरल यात्रामा अनेकौ समस्या र चुनौतिहरू झेल्दै एवम् आरोह अवरोहहरूसँग जुझ्दै संवैधानिक गतिशिलता अनुरूप आयोगलाई निरन्तर अगाडि बढ्न योगदान, प्रेरणा एवम् सहयोग प्रदान गर्नु हुने सम्पूर्ण अग्रजहरूलाई म स्मरण गर्दछु। साथै उहाँहरूको योगदानको उच्च कदर, सम्मान एवम् प्रशंसा गर्न चाहन्छु।

निर्वाचन प्रतिनिधिमूलक शासन व्यवस्थाको आधारशीला हो। आफूले रोजेको प्रतिनिधि मार्फत शासन सञ्चालन गर्न पाउने जनताको अधिकारलाई निर्वाचनले नै वैद्यता र सुनिश्चितता प्रदान गर्दछ। त्यसैले विश्वका सबै लोकतान्त्रिक मुलुकहरूले निर्वाचनलाई जनइच्छा प्रकट गर्ने वा जनअभिमत मापन गर्ने सर्वस्वीकार्य विधिको रूपमा ग्रहण गरेका छन्। नेपालको संविधानले अंगिकार गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली, बहुदलीय प्रतिष्पर्धात्मक व्यवस्था, बालिग मताधिकार, परिस्कृत मतदाता नामावली एवम् गोप्य र स्वच्छ मतदान प्रकृयालाई मूर्त रूप दिन निर्वाचनको समग्र पक्षलाई व्यवस्थापन, सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने जिम्मेवारी सहित निर्वाचन आयोगको संवैधानिक व्यवस्था भएको हो। यसबाट आयोगलाई निष्पक्षता, व्यावसायिकता र विश्वसनीयताको जगमा उभिएर सर्वस्वीकार्य निर्वाचन सम्पन्न गर्ने आधार तयार भएको छ।

आयोगले आफ्नो स्थापना कालदेखि नै संविधान प्रदत्त अधिकार अनुसार कुशलतापूर्वक निर्वाचनको व्यवस्थापन र सञ्चालन गर्दै आएको विदितै छ। पछिल्लो समयको मात्र उदाहरण लिने हो भने पनि तोकिएकै मितिमा दुईवटा संविधान सभाका निर्वाचन सम्पन्न भई संविधान सभाबाट नेपालको संविधान जारी भएको छ। साथै २०७४ सालमा सम्पन्न राष्ट्रपति, उपराष्ट्रपति, राष्ट्रिय सभा, प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय तहको निर्वाचनले झण्डै सैंतिस हजार जनप्रतिनिधीहरू शासकीय प्रणालिमा सहभागी भएको अवस्था छ। यसै वर्षको मंसिर १४ गते स्थानीय तह, प्रदेश सभा र प्रतिनिधि सभाका रिक्त पदहरूको उपनिर्वाचन र राष्ट्रिय सभामा रिक्त हुने अठार सदस्यको निर्वाचन माघ ९ गते सफलतापूर्वक सम्पन्न भइसकेको छ। यसबाट संघीयताको व्यावहारिक एवम् प्रत्यक्ष कार्यान्वयन प्रारम्भ भई संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने तथा विधिको शासन सुदृढ बनाउने अवसर प्राप्त भएको छ। निर्वाचन आयोगले व्यवस्थापन र सञ्चालन गरेका विभिन्न तहका निर्वाचनले अन्तर्राष्ट्रिय जगतमा आयोगको शाख र प्रतिष्ठा अभिवृद्धि हुनुका साथै निर्वाचन आयोग निर्वाचन व्यवस्थापन गर्ने सक्षम संवैधानिक निकाय हो भन्ने कुरा प्रमाणित भएको छ। यो सबै उपलब्धि निर्वाचन आयोगको स्वतन्त्रता, निष्पक्षता, सक्षमता, विश्वसनीयता र व्यावसायिकताको उपज हो भन्ने हामीलाई लागेको छ।

निर्वाचन व्यवस्थापनमा समग्र सुधार गर्ने उद्देश्यले आयोगबाट आर्थिक वर्ष २०६५/०६६ देखि पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनको थालनी भई दुई वटा आवधिक रणनीतिक योजना कार्यान्वयन भइसकेका छन् । पहिलो र दोश्रो रणनीतिक योजनाको कार्यान्वयनबाट आयोगको संस्थागत सुदृढीकरण र क्षमता विकास एवम् निर्वाचनका विधि र प्रकृयामा प्रविधिको प्रयोगद्वारा फोटोसहितको मतदाता नामावली लगायतका महत्वपूर्ण उपलब्धि हासिल भएका छन् । यसलाई जगेर्ना गर्दै योजनावद्ध एवम् निरन्तर सुधारको आवश्यकतालाई सम्बोधन गर्न यसै आर्थिक वर्ष २०७६/०७७ देखि तेश्रो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनमा आएको छ । यस रणनीतिक योजनाले "स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय एवम् मितव्ययी निर्वाचन" लाई दीर्घकालीन सोच निर्धारण गरेको छ । त्यसैगरी आयोगको संस्थागत सुदृढीकरण, प्रविधियुक्त निर्वाचन व्यवस्थापन, निर्वाचन सम्बन्धी नीतिगत तथा कानूनी सुधार, राजनीतिक दलको दर्ता र नियमन तथा निर्वाचन व्यवस्थापन एवम् नागरिक शिक्षामा समन्वय र सहकार्य समेत पाँच रणनीतिको आधारमा विभिन्न कार्यनीति एवम् क्रियाकलापहरू अगाडि सारेको छ । यसरी आयोगले निर्वाचन व्यवस्थापनको समग्र सुधारको संकल्प र प्रतिवद्धता सहित कार्यान्वयनमा ल्याएको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको सफल कार्यान्वयनमा सबैको सहयोग, समन्वय, साझेदारी र सहभागिता रहनेछ भन्ने मैले विश्वास लिएको छु ।

निर्वाचनसँग सम्बन्धित कानूनी प्रावधानको सम्वन्धित पदाधिकारी एवम् सरोकारवालहरूलाई जानकारी गराई विवाद निरूपण कार्यलाई सहजिकरण गर्ने उद्देश्यले चौथो निर्वाचन दिवसको अवसरमा प्रकाशित निर्वाचन न्याय स्रोत पुस्तिका, निर्वाचन आयोगबाट एक वर्षको अवधिमा भएका गतिविधि र निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र विश्वसनीय बनाउन मार्ग निर्देशन गर्ने गरी विभिन्न विद्धत वर्गहरूको अनुभव एवम् असल अभ्यासहरूको सम्पादन गरी प्रकाशित निर्वाचन स्मारीका, निर्वाचन शिक्षालाई आम मतदाता समक्ष सहज रूपमा पुऱ्याउन आयोगबाट विभिन्न विषय र क्षेत्र समेटेर विभिन्न सत्र प्रकारका निर्वाचन कार्यक्रमका लागि नागरिक शिक्षा प्रवर्द्धन गर्न प्रकाशित स्रोत पुस्तिका र श्रव्यदृश्यको माध्यमबाट समेत निर्वाचन तथा मतदाता शिक्षा प्रदान गर्न निर्माण गरिएको 'एक भोट' नामक लघु चलचित्रबाट निर्वाचनमा मतदाताको सहभागिता बढाउन, बदर मत घटाउन, आफ्नो मताधिकार र मतको महत्व बोध गराई निर्वाचनमा आफ्नो सहभागिता जनाउन र आफूले प्रदान गरेको मतको सदुपयोग गर्न मतदातालाई थप सचेत र जागरूक बनाउने अपेक्षा गरिएको छ ।

सुदृढ, सक्षम, सेवामूलक, जनमुखी, जनउत्तरदायी एवम् सदाचारयुक्त शासन प्रणाली हाम्रो अपेक्षा हो भने शान्ति, स्थिरता, विकास, समृद्धि र सुशासन हाम्रो गन्तव्य हो । यो गन्तव्यमा पुग्ने पहिलो पाइला निर्वाचनबाट प्रारम्भ हुन्छ भन्ने कुरामा दुईमत हुन सक्दैन । खर्चिलो र भड्किलो हुँदै गएको निर्वाचनलाई निश्चित सीमामा राखेर अनपेक्षित आर्थिक क्रियाकलापबाट निर्वाचन प्रभावित हुने कुरालाई दण्डनीय बनाई निर्वाचनलाई कम खर्चिलो र मितव्ययी बनाउन सकिएन भने सदाचार, सुशासन र समृद्धिको यात्रा सहज हुन सक्दैन भन्ने आयोगको बुझाई छ । यस विषयमा निर्वाचन आयोग अत्यन्त गम्भीर र सचेत पनि छ । यसको निम्ति हाम्रो निर्वाचन प्रणाली, निर्वाचन सञ्चालन र व्यवस्थापन खर्च, निर्वाचन सुरक्षा खर्च,

निर्वाचन प्रचार प्रसार खर्च, राजनीतिक दल र उम्मेदवारको कोष संचालन र विद्युतीय मतदान पद्धतिका विषयमा बहस प्रारम्भ गरी तार्किक एवम् सर्वस्वीकार्य निष्कर्षमा पुग्नै पर्ने भएको छ । यस्तो गम्भीर विषयमा आयोग समन्वय र सहजीकरण एवम् आवश्यक परेका वखत नेतृत्वदायी भूमिका निर्वाह गर्न समेत तयार रहेको कुरा म निवेदन गर्न चाहन्छु ।

निर्वाचनको स्वतन्त्रता र स्वच्छताको लागि नागरिक सचेतना र मतदाता शिक्षा अनिवार्य पूर्व शर्त हो । आगामी निर्वाचनहरूमा मतदाता सहभागिता बढाउन, वदर मत घटाउन, निर्वाचनको महत्व बुझाउन र आफूले इच्छाएको उम्मेद्वारलाई मत दिन सक्षम तुल्याउन आयोगले **"लोकतन्त्रको सबलता : निर्वाचन शिक्षाको व्यापकता"** भन्ने नाराका साथ मतदाता शिक्षा अभियान प्रारम्भ गर्न गइरहेको छ । यसको लागि निर्वाचन सम्बन्धी सूचना, शिक्षा तथा संचार सामग्रीको उचित प्रबन्ध, विश्वविद्यालय, विद्यालय, राजनीतिक दल, गैर सरकारी संस्था, सहकारी, सामुदायिक संस्था, निजी क्षेत्र र नागरिक समाजको सहभागिता अभिवृद्धि, सार्वजनिक प्रशिक्षण केन्द्रका विषयगत तालिममा निर्वाचन शिक्षाको आन्तरिकीकरण, निर्वाचन शिक्षालाई प्रदेश सरकार तथा स्थानीय तह माफत् प्राथमिकीकरण तथा स्थानीयकरण एवम् निर्वाचन शिक्षा, नागरिक सचेतना तथा सामुदायिक सशक्तिकरणको लागि आम सञ्चार माध्यम र सामाजिक सञ्जालको संयमित प्रयोगलाई समेत जोड दिइने कुरा जानकारी गराउन चाहन्छु ।

निर्वाचन प्रयोजनको लागि त्रुटिरहित, परिस्कृत, गुणस्तरीय र अद्यावधिक मतदाता नामावली तयार गर्नु आयोगको महत्वपूर्ण कार्य हो । यसको निम्ति आयोगबाट फोटोसहितको मतदाता नामावली, मतदाता परिचयपत्र र निरन्तर मतदाता दर्ता कार्यक्रम सबै जिल्ला प्रशासन कार्यालय, जिल्ला निर्वाचन कार्यालय, तोकिएका इलाका प्रशासन कार्यालय र घुम्ती शिविर मार्फत सञ्चालन भइरहेका छन् । चौथो निर्वाचन दिवसको अवसरमा ७७ वटै जिल्ला निर्वाचन कार्यालयमा मतदाता नामावली दर्ता सप्ताह सञ्चालन गरिएको छ । यद्यपि सबै वालिग मतदाताहरूको नाम दर्ता गरी परिचयपत्र उपलब्ध गराउन सकिएको छैन । कुनै पनि आवधिक निर्वाचन घोषणा हुँदा वा उपनिर्वाचन गर्नु पर्दा अद्यावधिक नामावली सहित निर्वाचन सञ्चालन गर्न सक्ने अवस्था सिर्जना गर्न आयोगले प्रत्येक वर्षको चैत मसान्तलाई Cut Off Date तोकी मतदाता नामावली अद्यावधिक गर्ने र नामावली सार्वजनिक गर्ने भएको छ । यसलाई मूर्त रूप दिन आजकै दिन देखि मतदाता नामावली संकलन तथा अद्यावधिक विशेष कार्यक्रम, २०७६ शुरू भएको जानकारी गराउन पाउँदा मलाई खुशी लागेको छ । यस कार्यक्रमबाट ७५३ स्थानीय तहका ६,७४३ वडा कार्यालयलाई दर्तास्थल तोकी मतदाता नामावली संकलन गर्ने, त्रुटी सच्याउने, नाम हटाउने, नाम सार्ने, उजुरी एवम् गुनासो सुनुवाई गर्ने लगायतका प्रकृया पूरा गरी अन्तिम मतदाता नामावली तयार गरिनेछ । निर्वाचन प्रकृयाको प्रवेश विन्दु नै मतदाता नामावली भएकोले यस अभियानमा सरिक भई मतदाता नामावली अद्यावधिक गर्ने कार्यमा सहयोग र सहभागिताको लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, सबै राजनीतिक दल, मतदाता, नीजि क्षेत्र, नागरिक समाज, गैर सरकारी संस्था, सञ्चारजगत लगायत सम्बद्ध सबै सरोकारवालाहरूसँग हार्दिक अनुरोध गर्दछु ।

निर्वाचनमा मतदाताको सहभागिता र सहज पहुँचको निम्ति मतदान केन्द्रहरू पायक पर्ने, सुरक्षित, व्यवस्थित र न्यूनतम पूर्वाधार सुविधायुक्त हुनु पर्दछ । मतदान केन्द्रको अवस्थितिका सम्बन्धमा विगतमा उठेका सवालहरूलाई सम्वोधन गरी उपयुक्त स्थानमा मतदान स्थल, मतदान केन्द्र र उपकेन्द्र निर्धारण गर्न तथा आगामी निर्वाचन देखि आवश्यक सुरक्षा प्रवन्ध सहित मतदानस्थलमा नै मतगणना गर्न सक्ने प्रवन्ध मिलाउन मतदान केन्द्रको पुनरावलोकन गर्ने कार्य प्रारम्भ भएको छ । स्वीकृत मापदण्ड बमोजिम स्थानीय तहको सहमति र जिल्लास्तरीय समितिको सिफारिश बमोजिम मतदान केन्द्र निर्धारण गरी सबै विवरण सहित भौगोलिक सूचना प्रणालीमा राखिने छ । जसबाट प्रत्येक वर्ष अन्तिम मतदाता नामावली प्रकाशन हुँदा कुन मतदाता कुन मतदान केन्द्रमा गई मतदान गर्ने भन्ने कुरा मतदाता दर्ता हुँदा कै अवस्थामा यकिन हुने व्यवस्था मिलाइने छ ।

निर्वाचन व्यवस्थापनमा सुधार गर्ने सम्बन्धमा उठ्ने गरेका लैङ्गिक तथा सामाजिक समावेशी प्रतिनिधित्व, निर्वाचन जोखिम व्यवस्थापनको न्यूनिकरण, निर्वाचन कानूनमा सुधार, विदेशमा रहेका नेपाली नागरिकहरूको मताधिकार, निर्वाचन विवाद निरूपणको प्रभावकारिता, मतदाता नामावली अनलाइन दर्ता तथा राष्ट्रिय परिचयपत्रसँगको आवद्धता, निर्वाचनमा विद्युतीय भोटिङ्ग मेसिनको प्रयोग गर्ने विषय, राजनीतिक दलहरूको दर्ता, अभिलेख व्यवस्थापन र नियमनमा स्वचालित पद्धतिको प्रयोग, निर्वाचन आचार संहिताको व्यावहारिकता र भरपर्दो निगरानी प्रणालीको विकास, संघीय ढाँचा अनुरूप आयोग र मातहतको संगठन पुर्नसंरचना, आयोगको भवन लगायत अन्य पूर्वाधार निर्माण तथा सुधार, स्रोतसाधन र प्रविधियुक्त कार्यालय व्यवस्थापन लगायतका सवालहरूलाई देखिने र अनुभूत गर्न सकिने गरी सम्वोधन गर्न आयोग प्रयत्नशील रहेको छ ।

निर्वाचन व्यवस्थापनमा सुधार निकै कर्णप्रिय तर जटिल व्यवस्थापकीय कार्य हो । निर्वाचन व्यवस्थापनका क्षेत्रमा समसामयिक सुधार गर्ने कुरालाई कसैले पनि नकार्न सक्दैन । तर निर्वाचन व्यवस्थापन सुधारका लागि पाइला चाल्नु पूर्व केहि आधारभूत विषयहरूमा स्पष्ट हुनै पर्दछ । हामीले गर्ने सुधारका क्षेत्रको पहिचान सबै भन्दा महत्वपूर्ण हुन्छ । हामी निर्वाचन प्रणालीमा नै सुधार गर्न चाहन्छौं वा निर्वाचनको प्रक्रियामा मात्रै केन्द्रित हुन्छौं । प्रक्रियामा मात्रै केन्द्रित भएर सुधार गर्दा पनि मौजुदा कानूनको परिधिभित्र रहेर सुधार गर्छौं वा आवश्यकता अनुसार कानूनमा संशोधन गरेर अगाडि बढ्छौं । यी विषयहरूमा अग्रीम स्पष्टता जरूरी हुन्छ । निर्वाचन आयोगले निर्वाचन व्यवस्थापनको सिलसिलामा गर्नुपर्ने सुधारका क्षेत्र पहिल्याई मौजुदा निर्वाचन कानूनहरूलाई संशोधन गरी एकीकृत निर्वाचन कानूनको निर्माण गरी निर्वाचन व्यवस्थापनमा सुधार गर्ने प्रक्रिया सुरू गरिसकेको छ भने अन्य विषयहरूमा समेत आयोगले आफ्नो धारणा प्रष्ट पारिसकेको छ । यसर्थ, जनताले लोकतन्त्रको सार्थक अनुभूति गर्ने माध्यम निर्वाचन भएको र निर्वाचन व्यवस्थापनमा सुधार गरी निर्वाचन गराउने मुख्य जिम्मेवारी आयोगको रहेको तथ्यलाई मनन गरी यस कार्यमा नेपाल सरकार, राजनीतिक दल तथा सम्पूर्ण निर्वाचन सरोकारवालाबाट सहयोग प्राप्त हुनेछ भन्ने पूर्ण विश्वास गरेको छु ।

अन्तमा, निर्वाचन आयोग र अन्तरगत कार्यालयमा रही यस वर्ष सम्पन्न भएको उपनिर्वाचन तथा राष्ट्रियसभा सदस्य निर्वाचनमा उत्कृष्ट कार्यसम्पादन गरी पुरस्कृत एवम् सम्मानीत कर्मचारीहरूलाई हार्दिक बधाई तथा शुभकामना दिन चाहन्छु । चौथो निर्वाचन दिवस, २०७६ सम्पन्न गर्न प्रत्यक्ष र परोक्ष रूपमा हामीलाई प्रेरणा, हौसला र सहयोग प्रदान गर्नु हुने सम्पूर्ण महानुभावहरूमा हार्दिक आभार प्रकट गर्दै विदा हुन चाहन्छु ।

धन्यवाद ।

**(दिनेश कुमार थपलिया)**
प्रमुख निर्वाचन आयुक्त